# निर्वाचन सामग्री गाउँ पुग्यो, उम्मेदवार र मतदाता छेकिए !



■ खगेन्द्र भट्टराई

सुर्खेत । प्रतिनिधिसभा चुनाव आउन ९ दिन मात्र बाँकी रहँदा देशभर चुनावी चहलपहल बढ्दो छ । सहरका गल्लीहरूमा झन्डा फहरिएका छन् । उम्मेदवारका भाषण गुन्जिरहेका छन् । सामाजिक सञ्जाल चुनावी बहसले तातेको छ । तर, यही समय कर्णालीका मुगु, हुम्ला र डोल्पाका बस्तीमा भने चिसो हावा र बाक्लो हिमपातले उम्मेदवार र मतदाताको बाटो छेकेको छ । हुम्लाको नाम्खा गाउँपालिकाको उत्तरी भेग– हल्जी, जाङ र तिल गाउँ अहिले सेताम्य हिउँले ढाकिएको छ । ५ हजार मिटर उचाइको न्यालु लेक र ४ हजार ६०० मिटरको नारा लेक पार नगरी गाउँ पुग्न सकिँदैन । तर, यी लेकहरू अहिले मानौँ समयकै ढोकाजस्तै बन्द छन् ।

सरकारले देशव्यापी निर्वाचनको तयारी अन्तिम चरणमा पुर्‍याएको छ । निर्वाचन सामग्री र मतपत्र ढुवानीदेखि कर्मचारी खटनपटनको काम अधिकांश जिल्लामा सम्पन्न भए पनि मौसम प्रतिकूलताले कर्णालीका कतिपय बस्तीमा चुनाव हुने/नहुनेमा अन्योल कायमै छ । सरकारले हेलिकोप्टरमार्फत् हुम्ला, डोल्पा र मुगुका उत्तरी क्षेत्रमा निर्वाचन सामग्री पुर्‍याए पनि उम्मेदवार र मतदाता भने गाउँ पुग्न सकेका छैनन् । हुम्लाको नाम्खा गाउँपालिका-६ का वडाध्यक्ष पालजोर लामाले न्यालु र नारा लेकमा बाक्लो हिउँ जमेकाले अहिलेकै अवस्थामा मतदाता गाउँ पुग्न सक्ने अवस्था नरहेको बताए । ‘हिमालपारिका गाउँका नामले परिचित हल्जी, जाङ र तिल गाउँमा चुनावको प्रचारका लागि उम्मेदवारसमेत पुग्न सकेका छैनन्,’ वडाध्यक्ष लामाले भने, ‘निर्वाचन सामग्री आइपुगे पनि मतदाता आउन सक्ने अवस्था छैन ।’ उनका अनुसार मतदाता गाउँमा छैनन् कतिपय काठमाडौँ र कतिपय मतदाता चीनको ताक्लाकोटमा छन् ।

६७२ मतदाता रहेको नाम्खाको ६ नम्बर वडामा जम्मा २० प्रतिशत मतदातामात्र गाउँमा रहेको उनले बताए । फागुन २१ गतेको विकल्प खोज्न स्थानीय सरकारले गरेको आग्रह निर्वाचन आयोगले सुनुवाइ नगरेको वडाध्यक्ष लामाको दुखेसो छ । ‘मतपत्र र कर्मचारीमात्र हेलिकोप्टरमा पठाएर कसरी चुनाव होला ?’ उनले भने । राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार टासी ल्हान्जोम अहिले हुम्लामै छिन् । हिमपातले बाटो छेकपछि उनी आफ्नै गाउँ लिमी पुग्न सकेकी छैनन् । डोल्पा र मुगुमा पनि अवस्था उस्तै छ । डोल्पा जिल्लाको शे-फोक्सुन्डो गाउँपालिकामा ११ मध्ये ८ मतदानस्थलमा मतदाता पुग्नै नसक्ने अवस्था रहेको डोल्पाको शे-फोक्सुन्डो गाउँपालिकाका अध्यक्ष धावा सम्डुक गुरुङले बताए ।

मुगु जिल्लाको मुगुम कार्मारोङ गाउँपालिकामा ४ वडाका अधिकांश मतदाता गाउँमा छैनन् । गाउँपालिका अध्यक्ष छिरिङ क्याप्रे लामाका अनुसार यहाँका १ देखि ४ नम्बर वडामा मतदाता घर फर्किन सक्ने अवस्था छैन । ‘निर्वाचनको तयारी भइरहेको छ,’ उनले भने, ‘मतदाता गाउँ फर्किन सक्ने अवस्था छैन ।’ सरकारले निर्वाचन सामग्री हेलिकोप्टरमा पठाए पनि मतदाता आउने बाटो बन्द रहेको उनले बताए । हुम्लाका प्रमुख जिल्ला अधिकारी टेककुमार रेग्मीले सिमकोट-हिल्सा सडकखण्डमा पर्ने यारीबाट स्थलमार्ग खोल्ने विषयमा प्राविधिक अध्ययन भइरहेको बताए । मौसमी प्रतिकूलताले समस्या भए स्थलमार्ग खोल्ने विषयमा छलफल भइरहेको र हुम्लाका ८ मतदानस्थलमा हेलिकोप्टरमार्फत् निर्वाचन सामग्री, मतदान सुरक्षामा खटिने सुरक्षाकर्मी र कर्मचारीलाई मतदानस्थल पुर्‍याउने तयारी भइरहेको उनले बताए ।



डोल्पामा पनि निर्वाचन सामग्री पुगिसकेको छ । मतदानका लागि कर्मचारी र मतपत्र हेलिकोप्टरबाट पठाउने तयारी भए पनि मतदाता फर्किने विषयमा भने अन्योल छ । हुम्ला, डोल्पा र मुगुका ४० मतदानस्थलमा मौसम प्रतिकूल भए मतदानमै चुनौती देखिएको छ । कर्णाली प्रदेशमा १० लाख ३७ हजार २५० जना मतदाता छन् । प्रदेशभर ९४१ मतदानस्थलमा १ हजार ४३७ मतदान केन्द्र तोकिएको छ । तीमध्ये ३५८ मतदान केन्द्र अतिसंवेदनशील, ४२२ संवेदनशील र १६१ मतदान केन्द्र सामान्यको सूचीमा छन् ।


लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## कपिलवस्तु अस्पताल

तौलिहवा, कपिलवस्तु

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना ।

प्रकाशन मिति:- 2082/11/12

यस अस्पतालबाट आ.व. 2082/83 मा तपशिलमा उल्लेखित कार्यको लागि राष्ट्रिय दैनिक पत्रिकामा विभिन्न मितिमा प्रकाशित विद्युतीय बोलपत्र आव्हान (e-Bid) सम्बन्धि सूचना बमोजिम ई-विड मार्फत म्याद भित्र पर्न आएका बोलपत्रहरु यस अस्पतालबाट गठीत बोलपत्र मुल्याङ्कन समितिबाट न्युनतम मुल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनौट गर्ने निर्णय भई आएको हुँदा सार्वजनिक खरिद ऐन, 2063 को दफा 27 को उपदफा (२) बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:-

| क्र. सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत बोलपत्रदाताको नाम र ठेगाना | छनौटको प्रकार | कबोल अंक रु. भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|---|
| 1 | KAPH/G/NCB-09/082/83 | Supply and Installation of 160 KVA Generator for Hospital | Batas M.A.W. Commercial Vehicle Pvt. Ltd., Tangal, Kathmandu | | 2164000.00 | |
| 2 | KAPH/G/NCB-11/082/83 | Procurement of Reagents, Chemicals & X-Ray Film For Kapilvastu Hospital. | Subha Medical Suppliers Pvt. Ltd., Bharatpur-6, Chitwan | Item wise | 1158250.00 | |

कार्यालय प्रमुख



## मिर्चैया नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

मिर्चैया, सिरहा
मधेश प्रदेश, नेपाल

### सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना

प्रकाशित मितिः २०८२/११/१२

उपरोक्त विषयमा आ.व. ०८२/०८३ मा मिर्चैया नगरपालिका मातहत रहेको आयुर्वेद शाखामा नगरपालिका अनुदान तर्फ विनियोजित रकमबाट आवश्यक आयुर्वेद औषधिहरू खरीद गर्नु पर्ने भएकोले मिति २०८२/१०/१२ गतेको सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सार्वजनिक सूचना अनुसार रितपुर्वक निर्धारित समय भित्र दाखिला हुन आएका सिलबन्दी बोलपत्रहरूको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन समितिले मूल्यांकन गर्दा देहायको बोलपत्र न्युनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भै स्वीकृतको लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को (पहिलो संशोधन २०७३) दफा २७ उपदफा २ तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ यो ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशय पत्रको सूचना प्रकाशित गरिएको सम्वन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| Contract ID. | Description of works | Name of supplier's & Address | Amount Rs. (Without VAT) |
|---|---|---|---|
| 07-MM-SQ-MEDICINE(Ay)-2082/083 | Procurement of Aayurveda Medicine | Basant Ayurveda Pharma, Janakpurdham-4, Dhanusha | 8,60,610.00 |

प्रमुख प्रशासकीय अधिकृत



Koshi Province Government
Ministry of Health
Health Directorate

## Health Office, Morang

### Tender Notice

Contract Identification :- HOM /G/NCB-1/2082/2083
1st Date Of Publication :- 2026-02-24

1. The Health Office invites NCB Electronic bids from eligible bidders for the procurement of Procurement of Medicine Purchase under National competitive bidding – Single-Stage: Single Envelope Bidding Procedure.
2. Interested Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of the Health Office Tel: 9852081039, Email: dpho.morang@gmail.com , Website:https://moh.koshi.gov.np/. or You can also visit www.bolpatra.gov.np/egp.
3. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.

| | |
|---|---|
| Name of Bank :- | Rastriya Banijya Bank,Biratnagar |
| Name of the Office :- | Province Comptroller of Accounts Office |
| Office Code No :- | 3700113031 |
| Office Account No :- | 1000100200010000 |
| Revenue Head No :- | 14229 |

4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of Health Office, Koshi Province, Morang, on or before 12:00 (Noon) on 2026-03-26 Bids shall be opened in the presence of Bidders representatives who choose to attend on 2.00 PM on 2026-03-26 at office of Health Office ,Koshi Province, Morang.
5. Matters not covered by this notice shall be in accordance with Public Procurement Act-2063. Public Procurement Regulations-2064 and their amendments.
6. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

Details

| S. N. | Contract Identification No | Description of Items | Estimate Amount (NRs) | Cost of Bidding document (NRs) | Account No. | Amount of Bid security (NRs) | Bid Validity | Minimum Bid Security Date |
|---|---|---|---|---|---|---|---|---|
| 1. | HOM /G/ NCB-1/2082/2083 | Procurement of Medicine Purchase | 25,99,566.25 | 3,000.00 | 2120100202030000 | 65,000.00 | 90 Days | 2026-07-24 |

Office Chief
Health Office



नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक बिभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, काठमाण्डौ

## सडक डिभिजन हेटौडा

मकवानपुर

### आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी आशयको सूचना

सूचना प्रकाशन मिति २०८२/११/१२

यस डिभिजनबाट राष्ट्रिय दैनिकको मिति २०८२/०९/३० को संस्करणमा प्रकाशित Invitation For Bids Notice No: 04-2082/083 को PPMO को E-Procurement Portal मार्फत बोलपत्र आव्हान गरिएको तपसिलका निर्माण कार्यमा पेश भएका बोलपत्रदाताहरुबाट E-Bid मार्फत प्राप्त प्राविधिक एवम् आर्थिक प्रस्ताव मध्ये मिति २०८२/११/०१ गते खोलिएको बोलपत्रदाताहरुको प्राविधिक प्रस्तावहरुको बोलपत्र मूल्यांकन समितिबाट मूल्यांकन सम्पन्न भई मिति २०८२/११/११ गतेको निर्णयले स्वीकृत भएको हुँदा तपसिल बमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ (ज) बमोजिम निम्नानुसारको मिति, समय र स्थानमा निजहरुको आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आर्थिक प्रस्ताव खोलिने मिति :- २०८२/११/२५ गते सोमवार, समय :- बिहान ११:०० बजे, स्थान :- सडक डिभिजन हेटौडा

| सि. नं. | ठेक्का नं | प्राविधिक प्रस्ताव सारभूत रुपमा प्रभावग्राही देखिएका बोलपत्रदाताहरुको नामावली |
|---|---|---|
| 1 | RDHTD/33701108/2082/083-27 | 1. Pandey-Indraakshi J.V., Dhunibeshi-07, Dhading<br>2. Tamakoshi-Jay Shambhu J.V., Hetauda, Makwanpur<br>3. Srijana Nirman Sewa, Tinpatan-02, Sindhuli<br>4. R.N.-Y&S-J&B J.V., Hetauda-02, Makwanpur<br>5. Shikhar Engineering Construction Company Pvt. Ltd., Thaha-03, Makwanpur<br>6. Sindhuli Builders, Kamalamai-06, Sindhuli |

डिभिजन प्रमुख



बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

## सामाजिक विकास कार्यालय

गजुरी, धादिङ

### भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने बारे सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/११/१२)

यस कार्यालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार “भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम” सञ्चालन हुने भएको हुँदा "भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" को अनुसूची-२ बमोजिम तोकिएको ढाँचा अनुसारको आवेदन र कागजातहरु संलग्न गरी सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस कार्यालयमा प्रस्ताव पेश गर्न धादिङ, नुवाकोट र रसुवा जिल्लाका इच्छुक सामुदायिक माध्यमिक विद्यालयहरु (कक्षा १-१२) का लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको र कार्यविधिको दफा ३ बमोजिमका सर्तहरु पुरा नभएको प्रस्ताव उपर कुनै कारवाही गरिने छैन । प्रस्ताव सम्बन्धी विस्तृत सूचना सामाजिक विकास मन्त्रालय, बागमती प्रदेशको वेबसाइट https://mosd.bagamati.gov.np र सामाजिक विकास कार्यालय, धादिङको वेबसाइट https:www.sdodhading.bagamati.gov.np हेर्न तथा ९८४८२७७२१९ मा सम्पर्क गर्न सकिनेछ ।

कार्यालय प्रमुख



## उर्लाबारी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

उर्लाबारी, मोरङ
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशित मिति: २०८२/११/१२)

यस नगपालिकाको राष्ट्रिय स्तरको बोलपत्रमा प्रकाशित सूचना बमोजिमको समयाधिभित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये तलशिलमा उल्लेख भएको बोलपत्र मूल्याङ्कित तथा सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीका लागि ७ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| सूचना नं | आयोजना/कार्यक्रमको नाम | स्वीकृत फर्म | कवोल अंक (मू.अ.कर. सहित) |
|---|---|---|---|
| URL-PavingBlock-ward4-W-NCB-24-082/83 | Audyogik Chulachuli Marg Paving Block Nirman Adarsha School Dada Tole Urlabari-4, Morang | Mechi Engineering Service Pvt. Ltd., Mechinagar, Jhapa | 2638893.97/- |

प्रमुख प्रशासकीय अधिकृत